नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पर्यटन विभाग

## भृकुटीमण्डप, काठमाण्डौं

## कार्यालय सामान खरिदका लागि बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७३/०५/९
सूचना नं. : म्इत्र ०१ र०७३/ ७४

यस विभागको वार्षिक कार्यक्रम अनुसार आ.व.०७३/७४ मा निम्नानुसारका खरिद कार्यहरु गराउनु पर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली फर्म तथा कम्पनीहरुवाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम खरिदको लागि नवीकरण भएको इजाजतपत्र, आ.ब. २०७१/०७२ सम्मको आयकरचुक्ता प्रमाणपत्र, मू.अ.कर दर्ता सहितको स्थायी लेखा नंबर प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र नोटरी पब्लिकवाट अनिवार्य प्रमाणित सहित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र सम्बन्धी कागजात यस विभागबाट खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजे भित्र दाखिला गर्ने बोलपत्रको प्रत्येक पानामा सही छाप गरी खाम बन्दी गरी खामको वाहिरी भागमा यस विभागलाई सम्बोधन गरी ठेक्का नं., कामको विवरण, बोलपत्रदाताको नाम, पत्राचार गर्ने आधिकारिक ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई खाममा सिलबन्दी छाप गरी यस विभागको खरिद इकाइमा मात्र दर्ता गराउनु पर्नेछ । यसरी दर्ता हुन आएका वोलपत्रहरु सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

४ बोलपत्र साथ जमानत वापतको रकम निम्न विवरणमा उल्लेखित नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय, थापाथली, स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, (समन्वय कार्यालय) काठमाण्डौंको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

५. बोलपत्रमा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । म्याद नाघि आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

६. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

७. बोलपत्रदाताहरुले वढिमा तिनवटा फर्महरुको एक संयुक्त उपक्रम बनाई बोलपत्र पेश गर्न सक्नेछन् । तर एक बोलपत्रदताले संयुक्तउपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एउटामा मात्र बोलपत्र पेश गर्न सक्नेछ ।

८. नेपाल सरकारको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पुर्ण अधिकार यस विभागमा सुरक्षित रहने छ ।

९. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ र प्रचलित कानून बमोजिम हुनेछन् ।

१०. कामको बिबरण यस प्रकार रहेकोछ ।

| सि.नं. | ठेक्का.नं . | कामको विवरण | ल.ई.रकम (मू.अ.करेन्सी बाहेक) रु. | जमानत रकम रु. | फाराम खरिद दस्तुर रु. | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १. | DOT/NCB/G-01/073/74 | कार्यालय सामान तथा मसलन्द र छपाई | ११,६५,९२२ | ३४,०००/- | १०००/- | २०७३।६।७ | २०७३।६।९ दिनको १२:०० वजे सम्म |